# खाँडाचक्र नगरपालिकाको
# तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन ऐन, २०७८

**स्वीकृत मिति : २०७८/०३/१०**

**प्रस्तावना :** नगरवासीलाई अधिक मात्रामा ठोष हित हुने निति निर्धारण गर्न आयोजनाहरू तर्जुमा गर्न, शुसासनको प्रत्याभुति दिन र नगरको आर्थीक गतिविधि बारे यथेष्ठ ज्ञान प्राप्त गर्न नगरलाई यथार्थ आधार चाहिएको र त्यस्तो आधार जुटाउन तथ्याङ्क सङ्कलन सम्बन्धि सुविधाको व्यवस्था गर्न र तथ्याङ्क सङ्कलन अभिलेखिकरण प्रकाशन र विश्लेषण गर्नको निम्ती आवाश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम खाँडाचक्र नगरपालिकाको नगर सभाले यो ऐन बनाई कार्यान्वयनमा ल्याएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम 'तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन ऐन, २०७८' रहेको छ ।

(२) यो स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

(३) यो ऐन खाँडाचक्र नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) 'अधिकार प्राप्त कर्मचारी' भन्नाले यो ऐन अर्न्तगत तथ्याङ्क सङ्कलन र खबरको विवरण सङ्कलन गर्न नगरपालिकाद्धारा अधिकार दिईएको कर्मचारी सम्झनु पर्दछ ।

(ख) 'सुचित आदेश' भन्नाले नगरपालिकाबाट सुचना प्रकाशित गरि दिएको आदेश सम्झनु पर्दछ ।

(ग) 'नगर प्रमुख' भन्नाले खाँडाचक्र नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) 'उप–प्रमुख' भन्नाले खाँडाचक्र नगरपालिकाको नगर उप–प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) 'प्रमुख प्रशासकिय अधिकृत' भन्नाले खाँडाचक्र नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) ‘तोकिए’ वा ‘तोकिए बमोजिम’ भन्नाले यस ऐन अन्तर्गत वनेको नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिमको व्यवस्थालाई सम्झनुपर्दछ ।

(छ) ‘ऐन’ भन्नाले तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन ऐन, **२०७८** लाई सम्झनुपर्दछ ।

३. **विवरण दाखेला गराउने अधिकारः** नगरपालिकाले कुनै वर्गको व्यक्तिहरूको भोगचलन वा नियन्त्रणमा रहेको तोकिएको कुरा सम्बन्धि खवर लगत र तथ्याङ्कको तोकिएको ढाँचा विवरण र तोकिएको समयमा नगरपालिकामा दाखिला गर्न त्यस्तो व्यक्तिलाई आदेश दिन सक्नेछ ।

४. तथ्याङ्क सङ्कलन गर्न निर्देशन गर्ने अधिकारः

(१) नगरपालिकाले यस दफामा लेखिए बमोजिम कुनै कुराको सम्वन्धमा तथ्याङ्क सङ्कलन गर्न निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशन देहाय बमोजिम गर्न सकिनेछः

(क) सङ्कलन गर्नुपर्ने खवरको लगत तोक्ने

(ख) त्यस्तो खवर सङ्कलन गर्ने कामको निमित्त अधिकार प्राप्त कर्मचारी संघ संस्था नियुक्त वा मनोनित गर्ने, तिनिहरूको काम कर्तव्य र अधिकारहरू तोक्न र त्यस्तो काम काम कर्तव्य र अधिकारहरू प्रयोग तथा पालना गर्दा तिनिहरूले अपनाउनु पर्ने कार्यविधि तोक्न ।

(ग) सङ्कलन गर्नुपर्ने तथ्याङ्क सुविधाजनक ढङ्गबाट सङ्कलन गर्नका निमित्त आवाश्यक देखिएका वा आकस्मिक सवै कुराहरूको व्यवस्था गर्न सक्ने ।

४. विवरण दाखेला गराउने सम्बन्धि कर्मचारीको अधिकारः (१) तथ्याङ्क सङ्कलनको लागि अधिकार प्राप्त कर्मचारीले कुनै व्यक्ति, संघ, संस्था, सरकारी तथा गैर सरकारी कार्यालय, टोल विकास संस्था आदिलाई सुचना पठाई तोकिएका कुरा सम्बन्धि, तोकिएको खवर,

लगत र तथ्याङ्कको तोकिएको ढाँचाको विवरण तोकिएको समयमा नगरपालिका समक्ष दाखेला गर्न आदेश दिन सक्नेछ ।

५. **रेकर्ड जाँच्ने अधिकारः** तथ्याङ्क सङ्कलन गर्ने अधिकार प्राप्त कर्मचारीले तोकिएको कुनै कुराको सम्वन्धमा तथ्याङ्क सङ्कलन गर्ने प्रयोजनको लागि दाखेला भएको कुनै लगत, विवरण वा खवर साँचो हो होइन भन्ने कुराको जाँच देहाय बमोजिम गर्नु पर्नेछः–

(क) कुनै खवर वा विवरण दाखेला गर्नु पर्ने कर्तव्य भएका कुनै व्यक्तिको भोग चलन वा नियन्त्रणमा रहेको कुनै घर जग्गा, गोदाम वा कुनै संरचना वा बस्तुमा पुर्व सुचना दिई मनासिव माफिकको समयमा प्रवेस गर्ने ।

(ख) भोग चलन वा नियन्त्रणमा रहेको कुनै लिखत वा चिज आफु समक्ष पेश गर्न आदेश दिन र त्यस्तो चिजको जाँच गर्ने ।

(ग) यस ऐन अर्न्तगत सङ्कलन गर्नु पर्ने तथ्याङ्क सम्बन्धि कुनै खवर कुनै व्यक्तिलाई थाहा छ भन्ने मनासिव माफिकको विश्वास भएमा निजसँग कुनै प्रश्नहरू सोध्ने ।

६. **तथ्याङ्कलाई प्रयोग वा प्रमाणित गर्नु अघि प्रमाणित गराउनु पर्नेः** तथ्याङ्क सङ्कलन गर्न स्विकृति प्राप्त गर्ने व्यक्ति वा संस्थाले तथ्याङ्क सङ्कलन गरि त्यसलाई प्रयोगमा ल्याउन वा प्रकाशित गर्नु अघि नगर प्रमुखको स्विकृतिमा प्रशासकिय अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ ।

७. **अभिलेख राख्नु पर्नेः**

(१) यस ऐन बमोजिम सङ्कलन गरिएको तथ्याङ्क कानून बमोजिम अभिलेख राखी नगरपालिकाले आवाश्यक प्रयोजनमा ल्याउन सक्नेछ ।

(२) सङ्कलन गरिका अभिलेख सार्वजनिक गर्न उचित नहुने भए वा गोपनियता कायम गर्नु पर्ने भएमा सो कुरा खुलाई अभिलेख राख्नु पर्नेछ ।

८. **सजायः** नगरपालिकाको निर्देशन अनुसार कुनै खवर वा विवरण दिनु पर्ने कर्तव्य भएका कुनै व्यक्तिले देहायको कसुर गरेमा निजलाई त्यस्तो प्रत्येक कसुरको निमित्त रु.१००/– सम्म जरिवाना गर्न सकिनेछ ।

(क) जानीजानी त्यस्तो खवर वा विवरण तोकिएको म्यादभित्र नदिएमा वा दिन इन्कार गरेमा ।

(ख) जानीजानी कुनै झुठ्ठा विवरण वा खवर दिएमा वा दिलाएमा ।

९. **नियम वनाँउने अधिकारः** यस ऐनको उद्देश्य कार्यन्वयनको लागि आवाश्यक नियम कार्यविधि निर्माण गर्न सक्नेछ ।

१०. **संसोधनः** यस ऐनमा समय सापेक्ष संसोधन गर्न आवाश्यक ठानेमा नगरपालिकाले आवाश्यक संसोधन गर्न सक्नेछ ।

११. **खारेजी बचाउः** तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन ऐन, **२०७८** मा भएका व्यवस्था नेपालको संविधान, संघिय कानुन र प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म बदरभागि हुनेछ ।

**आज्ञाले**
जसी प्रसाद चौलागाई
नि. प्रमुख प्रशासकीय अधिकृत